# अनुदानग्राहीको विवरण सार्वजनिकीकरणको लागि गठित समितिको प्रतिवेदन

## १. पृष्ठभूमि

निर्वाहमुखी कृषि प्रणालीलाई व्यावसायिक एवं प्रतिस्पर्धात्मक कृषि प्रणालीमा रुपान्तरण गरी दिगो कृषि विकासको माध्यमबाट जीवनस्तरमा सुधार ल्याउन, कृषि उत्पादन तथा उत्पादकत्व बढाई व्यावसायिक तथा प्रतिस्पर्धात्मक कृषि प्रणालीका आधारहरुको विकास गरी क्षेत्रीय र विश्व बजारसंग प्रतिस्पर्धात्मक बनाउने ध्येयका निम्ति मन्त्रालय र अन्तर्गतका निकायहरु मार्फत विभिन्न कार्यक्रमहरु संचालन गर्दै आईरहेको छ। यसै सन्दर्भमा कृषि क्षेत्रको आधुनिकीकरण र व्यावसायिकरणका लागि कृषि, पशुपन्छी तथा मत्स्य पालन क्षेत्रमा उत्पादन लागत न्यूनिकरण मार्फत कृषकहरुको प्रतिस्पर्धात्मक क्षमता अभिबृद्धि गर्न अनुदान सहयोगका कार्यक्रमहरु विभिन्न निकाय मार्फत संचालन हुदै आईरहेको छ। नेपाल सरकार कृषि तथा पशुपन्छी विकास मन्त्रालयले बार्षिक स्वीकृत कार्यक्रम तयार गर्दा बार्षिक नीति तथा कार्यक्रममा कृषि अनुदानका कार्यक्रमहरुलाई प्राथमिकतामा राखी संचालन गर्दै आईरहेको छ। कृषि तथा पशुपन्छी विकास मन्त्रालय अन्तर्गतका विभिन्न निकायहरु मार्फत बर्षेनी अर्बौं रकम बराबरको अनुदान सहयोगका कार्यक्रमहरु जस्तैः बाली तथा पशुधन बीमा, उखु कृषकहरुलाई प्रोत्साहन अनुदान, विशेष कृषि उत्पादन कार्यक्रम, विभिन्न वालीहरुमा न्यूनतम समर्थन मुल्य मार्फत सहयोग, प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना, बैदेशिक सहयोगमा संचालित विभिन्न आयोजनाहरु, पशुहरुमा लाग्ने रोगहरु नियन्त्रणका लागि खोप उत्पादन कार्यक्रम, पशुको नश्ल सुधारका लागि वीर्य उत्पादन तथा वितरण कार्यक्रम, प्रदेश तथा स्थानीय तहहरुमा शर्सत अनुदानका कार्यक्रमहरु मार्फत कृषकहरुलाई अनुदान सहयोग हुँदै आएको छ।यसरी कृषकहरुलाई उपलब्ध गराईएको सहयोगका कार्यक्रमहरुको विवरण प्रकाशन गर्नु सुशासनका दृष्टिकोणले समेत वान्छनिय देखिन्छ। साथै कृषकहरुलाई वितरण भएको अनुदानको विवरण सार्वजनिक रुपमा प्रकाशन गर्दा वितरित विवरणको पारदर्शिता एवं पँहुचमा बृद्धि भई संचालित कार्यक्रमहरु अनुगमन तथा मूल्याङ्कनका लागि समेत सहयोगी हुने देखिन्छ। सूचनाको हक सम्बन्धी ऐन २०६४ को दफा ५ को उपदफा (३) मा समेत सार्वजनिक निकायसँग सम्बन्धीत सुचना सुचिकृत गरी प्रकाशन गर्नुपर्ने व्यवस्था समेत रहेको सन्दर्भमा यस मन्त्रालयबाट प्रदान गरिने सेवाको रुपमा रहेको अनुदानग्राहीहरुको विवरण तयार गरी पन्ध्र दिनभित्रमा सार्वजनिकीकरण गर्ने ब्यवस्थाका लागि नेपाल सरकार सचिवस्तर मिति २०८१।०७।०२ गतेको निर्णयानुसार एक समिति गठन गरिएको थियो ।

## २. उद्देश्य

- अनुदानग्राहीहरुको विवरण तयार गरी सार्वजनिकीकरण गर्नको लागि प्रतिवेदन तयार गर्ने ।

## ३. समिति गठन

मन्त्रालय वा अन्तर्गतका निकायहरुबाट प्रदान गरिने सेवाको रुपमा रहेको अनुदानग्राहीहरुको विवरण तयार गरी पन्ध्र दिनभित्रमा सार्वजनिकीकरण गर्ने ब्यवस्थाका लागि नेपाल सरकार सचिवस्तर मिति २०८१।०७।०२ गतेको निर्णयानुसार तपशील अनुसार एक समिति गठन गरिएको थियो ।

तपशिलः

| क्र.स. | समितिको विवरण | नाम,पद | कार्यालय |
|---|---|---|---|
| १ | संयोजक | डा. हरिबहादुर के.सी. सह-सचिव | कृषि तथा पशुपन्छी विकास मन्त्रालय, सिंहदरबार |
| २ | सदस्य | श्री हिक्मत कुमार श्रेष्ठ, बरिष्ठ अनुगमन तथा मूल्याङ्कन अधिकृत | प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना, खुमलटार, ललितपुर |
| ३ | सदस्य | श्री तिलकराज चौलागाई, बरिष्ठ कृषि अर्थ विज्ञ | कृषि विभाग, हरिहरभवन, ललितपुर |
| ४ | सदस्य | डा. सुधिर सिंह, बरिष्ठ पशु विकास अधिकृत | पशु सेवा विभाग, हरिहरभवन, ललितपुर |
| ५ | सदस्य-सचिव | श्री लालकुमार श्रेष्ठ, बरिष्ठ कृषि अर्थ विज्ञ | कृषि तथा पशुपन्छी विकास मन्त्रालय, सिंहदरबार |

## ४. समय सीमा र सिमितता

मन्त्रालय वा अन्तर्गतका निकायहरुबाट प्रदान गरिएको सेवाको रुपमा रहेको अनुदानग्राहीहरुको विवरण तयार गरी पन्ध्र दिनभित्रमा सार्वजनिकीकरण गर्ने ब्यवस्थाका लागि नेपाल सरकार सचिवस्तर मिति २०८१।०७।०२ गतेको निर्णयानुसार समिति गठन भएकोले सिमित समयमा उपलब्ध विवरणको आधारमा विस्तृत विवरण ल्याउने विषय आफैमा चुनौतीपुर्ण हो तथापि उपलब्ध समय र सुचनाको आधारमा प्रतिवेदनलाई तयार गरिएको छ ।

## ५. अध्ययन/ प्रतिवेदन तयारीमा अपनाइएको विधि

प्रतिवेदन तयारीको क्रममा यस मन्त्रालय र अन्तर्गतका निकायहरुको (जस्तै कृषि विभाग, पशुसेवा विभाग, रानी जमरा कुलरिया सिंचाई आयोजना कृषि कार्यक्रम कार्यान्वयन एकाई, प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना -PMAMP, कृषि क्षेत्र विकास कार्यक्रम -ASDP, नेपाल लाईभस्टक ईनोभेसन आयोजना -NLSIP, ग्रामीण उद्यम तथा आर्थिक विकास आयोजना - REED, खाद्य तथा पोषण सुरक्षा सुधार आयोजना - FANSEP लगायत) बार्षिक पुस्तिका, अनुदान सम्बन्धी प्रकाशित पुस्तिका, अनुदान सम्बन्धी अप्रकाशित विवरण, प्रगति प्रतिवेदन लगायत विभिन्न विषयहरुसंग सम्बन्धीत documents review गरिएको थियो । Documents review बाट आएको निचोड र सम्बन्धी निकायहरुबाट उपलब्ध विवरणहरुलाई आधार मानी अध्ययन समितिको छलफलबाट यो प्रतिवेदन तयार गरिएको छ ।

## ६. तथ्यांकका स्रोतहरु

यस मन्त्रालय र अन्तर्गतका निकायहरु जस्तै कृषि विभाग, पशुसेवा विभाग, रानी जमरा कुलरिया सिंचाई आयोजना कृषि कार्यक्रम कार्यान्वयन एकाई, प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना -PMAMP, कृषि क्षेत्र विकास कार्यक्रम -ASDP, नेपाल लाईभस्टक ईनोभेसन आयोजना -NLSIP, ग्रामीण उद्यम तथा आर्थिक विकास आयोजना - REED, खाद्य तथा पोषण सुरक्षा सुधार आयोजना - FANSEP लगायतका निकायहरुको बार्षिक पुस्तिका,


अनुदान सम्बन्धी प्रकाशित पुस्तिका, प्रगति प्रतिवेदन लगायतका विभिन्न documents लाई प्रतिवेदनको स्रोत सामाग्रीहरुको रुपमा लिएको छ ।

### ७. मुख्य निष्कर्ष / Major Findings

आ.ब. ०७६/७७ देखि आ.ब. ०८०/८१ सम्म विगत ५ वर्षमा कृषि तथा पशुपन्छी विकास मन्त्रालयबाट जम्मा १ खर्ब ७ अर्ब ६६ करोड २७ लाख ८९ हजार रकम अनुदान प्रवाहबाट करिब १ करोड ९६ लाख कृषकहरु लाभान्वित भएको देखिन्छ (रासायनिक मलमा अनुदानको हकमा सोहि कृषकहरु दोहोरिन सक्ने)। आ.ब. ०७६/७७ देखि आ.ब. ०७९/८० सम्म अनुदानको रकम क्रमश वृद्धि हुँदै गएको तर आ.ब. ०८०/८१ मा आ.ब. ०७९/८० भन्दा अनुदान रकम घटेको देखिन्छ। आ.ब. ०७८/७९ मा अनुदानको रकम रु. १९ अर्ब ३४ करोड रहेकोमा विशेष गरी रासायनिक मलमा करिब २ गुणाले अनुदान बृद्धि हुनाले आ.ब. ७९/८० मा जम्मा अनुदान रकम रु. ३६ अर्ब २ करोड पुगेको देखिन्छ भने आ.ब. ०८०/८१ मा घटेर करिब २९ अर्ब ३४ लाख मात्र रहेको देखिन्छ। विवरण अनुसार मन्त्रालयबाट वितरण हुने अनुदानमा रासायनिक मल तर्फ नै बढि अनुदान प्रवाह भएको देखिन्छ।


आ.ब. ०७६/७७ देखि आ.ब. ०८०/८१ सम्म विगत ५ वर्षमा नेपाल सरकार तर्फको स्रोतबाट वितरित अनुदानमा उखु कृषकहरुलाई प्रोत्साहन अनुदान वितरण कार्यक्रममा रु. ४ अर्ब ७ करोड २४ लाख २० हजार, कृषि, पशुपन्छी तथा मत्स्य बीमा तर्फ रु. ५ अर्ब ६४ करोड २९ लाख ४८ हजार, प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजनाबाट रु. ६ अर्ब ६१ करोड ९५ लाख ३१ हजार र रासानिक मलमा अनुदानका लागि रु. ८७ अर्ब ३५ करोड ९७ लाख ७३ हजार गरी जम्मा रु. १ खर्ब ३ अर्ब ६९ करोड ४६ लाख रकम अनुदान प्रवाहबाट जम्मा १ करोड ९४ लाख ८९ हजार २ सय ४१ जना कृषक लाभान्वित भएका छन् (रासायनिक मलमा अनुदानको हकमा सोहि कृषकहरु दोहोरिन सक्ने)।

**चित्र.नं.१. आ.ब. ०७६/७७ देखि आ.ब. ०८०/८१ सम्म वितरित अनुदानको विवरण (नेपाल सरकार स्रोत तर्फ)**




त्यसैगरी बैदेशिक स्रोत तर्फ रानी जमरा कुलरिया सिंचाई आयोजनाबाट रु. १८ करोड ४८ लाख ६१ हजार, कृषि क्षेत्र विकास कार्यक्रम (ASDP) बाट रु. ८० करोड १९ लाख ६१ हजार, नेपाल लाईभस्टक ईनोभेसन आयोजना (NLSIP) बाट रु. १ अर्ब ९२ करोड ७५ लाख १३ हजार र खाद्य तथा पोषण सुरक्षा सुधार आयोजना (FANSEP) बाट रु. १ अर्ब ५ करोड ३७ लाख ७९ हजार गरी जम्मा रु. ३ अर्ब ९६ करोड ८१ लाख १५ हजार अनुदान रकम प्रवाहबाट जम्मा १ लाख ०६ लाख ४७६ कृषक / व्यवसायीहरु लाभान्वित भएका छन्। ग्रामीण उद्यम तथा आर्थिक विकास आयोजना (REED) मा भने स्टार्टअप ग्रान्टका कार्यक्रमहरु रहेकोमा लाभग्राहि छनौट र अन्य प्रकृयागत ढिलाईका कारण चालु आ.ब. ०८१/८२ देखि मात्र अनुदान प्रावाह भएको र हाल सम्म १ करोड ६४ लाख ४८ हजार अनुदान रकम प्रवाह भएको विवरण प्राप्त भएको छ।

**चित्र.नं.२. आ.ब. ०७६/७७ देखि आ.ब. ०८०/८१ सम्म वितरित अनुदानको विवरण (बैदेशिक स्रोत तर्फ)**


आ.ब. ०७६/७७ देखि आ.ब. ०८०/८१ सम्म वितरित अनुदानको विवरण(बैदेशिक स्रोत तर्फ)
२५००००० .००
२००००००.००
१५०००००.००
१००००००.००
५०००००.००
०.००
२०००.००
१८००.००
१६००.००
१४००.००
१२००.००
१०००.००
८००.००
६००.००
४००.००
२००.००
०.००
८५८.००
११०६.००
४४६.००
१८४९.०४
१८४८६१.०७
८०१९६१.६९
१९२७५१३.८२
१०५३७७९.०५
रानी जमरा कुलरिया सिंचाई आयोजना- कृषि कार्यक्रम कार्यान्वयन एकाई
कृषि क्षेत्र विकास कार्यक्रम (ASDP)
नेपाल लाईभस्टक ईनोभेसन आयोजना (NLSIP)
खाद्य तथा पोषण सुरक्षा सुधार आयोजना (FANSEP)
आ.ब. ०७६/७७ देखि आ.ब. ०८०/८१ सम्म अनुदान प्राप्त कृषक समूह/ सहकारी संख्या
आ.ब. ०७६/७७ देखि आ.ब. ०८०/८१ सम्म अनुदान रकम रु. हजारमा

आ ब २०७६।७७ देखि २०८०।८१ सम्म विगत ५ वर्षमा कृषि तथा पशुपन्छी विकास मन्त्रालयबाट प्रवाह भएको अनुदान विवरणको सारांश निम्न बमोजिम रहेको छ।

| क्र.सं. | कार्यक्रम आयोजना | आ.ब. ०७६।७७ | | आ.ब. ०७७।७८ | | आ.ब. ०७८।७९ | | आ.ब. ०७९।८० | | आ.ब. ०८०।८१ | | जम्मा | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | अनुदान प्राप्त कृषक संख्या | अनुदान रकम रुहजारमा . | अनुदान प्राप्त कृषक संख्या | अनुदान रकम रु .हजारमा | अनुदान प्राप्त कृषक संख्या | अनुदान रकम रुहजारमा . | अनुदान प्राप्त कृषक संख्या | अनुदान रकम रुहजारमा . | अनुदान प्राप्त कृषक संख्या | अनुदान रकम रुहजारमा . | अनुदान प्राप्त कृषक संख्या | अनुदान रकम रुहजारमा . |
| १ | उखु कृषकहरुलाई प्रोत्साहन अनुदान वितरण कार्यक्रम | ० | ० | ५१०४० | ९६९७७३ | ४१०२५ | ७७९४६४ | ५२०९८ | ९९५१३४ | ६१४५७ | १३२८०४९ | २७४५७७ | ४०७२४२१ |
| २ | कृषि बीमा | | | ४९८५ | ९२५७५ | ७२२२ | १३८९५५ | ७५९० | १४०९४८ | १४५८ | १३२४०५ | २१२५५ | ५०४८८३ |
| ३ | पशुपन्छी तथा मत्स्य बीमा | | | १०४१ | १२४२१६३ | २८०३ | १८४६१०३ | २५५१ | ६००००० | ८३१६८ | १४४९८०० | ८९५६३ | ५१३८०६६ |
| ४ | रानी जमरा कुलरिया सिंचाई आयोजनाकृषि कार्यक्रम - कार्यान्वयन एकाई | ४३५ | ५९००१ | ४२६ | ६७१६९ | २४२ | २५०८६ | १०२ | ११९५० | ८८ | २१६५५ | ८५८ | १८४८६१ |
| ५ | प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना -PMAMP | ३८२०० | १२४२२०० | ४३५६० | १३९०७०० | ३१८९० | १३५९४०० | २९७७५ | १४१२३०० | ३६४४५ | १२१४९३१ | १४१६७० | ६६१९५३१ |
| ६ | कृषि क्षेत्र विकास कार्यक्रम - ASDP | | | समुह सहकारी १५४ | १०७११७ | समुह सहकारी १८४ | ११५०१२ | समुह सहकारी ४०० | २९७८५८ | समुह सहकारी ३६८ | २८१९७३ | २७६५० | ८०१९६१ |
| ७ | नेपाल लाईभस्टक ईनोभेसन आयोजना - NLSIP | _ | ० | _ | ० | समुह सहकारी १३६ | ४२३५७४ | समुह सहकारी ७७ प्राइभेट फर्म १०४ | १२६३८७४ | प्राइभेट फर्म १२९ | २४००६४ | ११११५० | १९२७५१३ |
| ८ | ग्रामीण उद्यम तथा आर्थिक विकास आयोजना - REED | स्टार्टअप ग्रान्टका कार्यक्रमहरु रहेकोमा लाभग्राहि छनौट र अन्य प्रकृयागत ढिलाईका कारण चालु आ८२ मा मात्र हाल सम्म/०८१ .ब. ३६६ कृषकहरुलाई रु .१ करोड ६४ लाख ४८ हजार अनुदान रकम प्रवाह भएको। | | | | | | | | | | _ | _ |

| क्र.सं. | कार्यक्रम आयोजना | आ.ब. ०७६।७७ | | आ.ब. ०७७।७८ | | आ.ब. ०७८।७९ | | आ.ब. ०७९।८० | | आ.ब. ०८०।८१ | | जम्मा | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | अनुदान प्राप्त कृषक संख्या | अनुदान रकम रुहजारमा . | अनुदान प्राप्त कृषक संख्या | अनुदान रकम रु .हजारमा | अनुदान प्राप्त कृषक संख्या | अनुदान रकम रुहजारमा . | अनुदान प्राप्त कृषक संख्या | अनुदान रकम रुहजारमा . | अनुदान प्राप्त कृषक संख्या | अनुदान रकम रुहजारमा . | अनुदान प्राप्त कृषक संख्या | अनुदान रकम रुहजारमा . |
| ९ | खाद्य तथा पोषण सुरक्षा सुधार आयोजना -FANSEP | | | ७५१३ | १५३०८५ | १०२९८ | २६२३२५ | १३०३७ | ३३९४१९ | १५३७८ | २९८९४८ | ४६२२६ | १०५३७७९ |
| १० | अनुदानित रासायनिक मल वितरण –कृषि समाग्री कम्पनी लि तर्फ | ३४३३००० | ५४०८१५४ | ३०१०००० | ६६८८१८५ | २१६७००० | ८१११२८९ | २८८२००० | १९१४९९०० | ३३९१००० | १५७३८९४८ | ११४५०००० | ५५०९६४७९ |
| ११ | अनुदानित रासायनिक मल वितरण – साल्ट ट्रडिङ्ग कम्पानी लि तर्फ | १८४८००० | २९०६८६४ | १९५५००० | २६१९८९६ | १५२६००० | ६२८५४६३ | १९४७००० | ११८१७६४९ | २१५०००० | ८६३३४२२ | ७५७८००० | ३२२६३२९४ |
| | जम्मा | | ९६१६२२० | | १३३३०६६४ | | १९३४६६७३ | | ३६०२९०३४ | | २९३४०१९६ | | १०७६६२७८९ |

त्यस्तै गरी व्यवसायिक कृषि तथा व्यापार आयोजना (PACT) को आयोजना अवधिभर (सन् २०११ देखि २०१६ सम्म) मा १२२३ वटा उपआयोजनाहरुको लागि आयोजना मार्फत कृषि तथा पशुपन्छी क्षेत्रको व्यवसायिकरणका लागि रु २ अर्ब १० करोड २६ लाख बराबरको अनुदान रकम प्रवाह भएको देखिन्छ । यसको विस्तृत विवरण https://aitc.gov.np लिंकमा हेर्न सकिनेछ ।

## ८. निष्कर्ष

विगत ५ बर्षमा रासायनिक मल, बाली तथा पशुधन बिमा, उखु उत्पादनमा प्रोत्सहान अनुदान, साना सिंचाई, बजार पुर्वाधार, कृषि औजार उपकरण, बीउ उत्पादन, उत्पादन र उत्पादकत्व बृद्धिका लागि कृषि तथा पशुपन्छी क्षेत्रको प्रबर्द्धन गर्न ठूलो रकम अनुदान प्रवाह भएको देखिन्छ तथापि अपेक्षकृत उपलब्धी भने हुन सकेको देखिदैन ।

## ९. स्रोत सामाग्रीहरु

- ✓ कृषि तथा पशुपन्छी विकास मन्त्रालयबाट उपलब्ध अनुदानित रासायनिक मल वितरण विवरण
- ✓ कृषि सामाग्री कम्पनी लि र साल्ट ट्रेडिङ्ग कम्पनी लिमिटेडबाट उपलब्ध गराईएको अनुदानित रासायनिक मल वितरण सम्बन्धी विवरण
- ✓ कृषि विभागबाट उपलब्ध गराईएको उखु र वाली बिमा सम्बन्धी विवरण
- ✓ पशुसेवा विभागबाट उपलब्ध गराईएको पशु र मत्स्य बिमा सम्बन्धी विवरण
- ✓ प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजनाबाट उपलब्ध गराईएको अनुदान सम्बन्धी विवरण
- ✓ कृषि क्षेत्र विकास कार्यक्रमबाट उपलब्ध गराईएको अनुदान सम्बन्धी विवरण
- ✓ नेपाल लाईभस्टक ईनोभेसन आयोजनाबाट उपलब्ध गराईएको अनुदान सम्बन्धी विवरण
- ✓ नेपाल लाईभस्टक ईनोभेसन आयोजनाबाट उपलब्ध गराईएको अनुदान सम्बन्धी विवरण
- ✓ ग्रामीण उद्यम तथा आर्थिक विकास आयोजनाबाट उपलब्ध गराईएको अनुदान सम्बन्धी विवरण
- ✓ खाद्य तथा पोषण सुरक्षा सुधार आयोजनाबाट उपलब्ध गराईएको अनुदान सम्बन्धी विवरण

## १०. थप जानकारीको लागि

अनुदानग्राहीहरुको विस्तृत विवरणको बारेमा थप जानकारीको लागि तपशील अनुसारका लिंकमा हेर्न सकिनेछ ।

https://pmamp.gov.np

http://www.nlsip.gov.np

https://fansep.moald.gov.np/home

https://www.asdp.gov.np/page/publication

https://aciu.rjkip.gov.np/home/

https://aitc.gov.np